MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगञ्ज, काठमाडौं
MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED
Maharajgunj, Kathmandu PAN No.:304954751

प.लि.नं. १२४५/०६७/६८
प.सं. ०८२/८३ च.नं. ६६६

मिति: २०८२।१०।२७

श्री नेपाल स्टक एक्सचेन्ज,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय: **१३औं तथा १४औं वार्षिक साधारण सभाको माइन्युट पठाइएको बारे ।**

उपर्युक्त विषयमा यस कम्पनीको मिति २०८२।०९।२७ मा कुण्डलिनी दरबार बैंक्वेट, चण्डोल, काठमाडौंमा सम्पन्न भएको १३औं तथा १४औं वार्षिक साधारण सभाको माइन्युट (पाना-७) यसै साथ संलग्न गरी पठाइएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

(कमल प्रसाद पण्डित)
कम्पनी सचिव

**बोधार्थ:**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौं ।
श्री विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं ।
श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।
श्री कर्मचारी सञ्चयकोष, पुल्चोक, ललितपुर।
श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।
श्री सि.डि.एस. एण्ड क्लियरिंग लि., पुतलीसडक, काठमाडौं ।
श्री चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाण्डौं ।
श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं ।
श्री सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि. कोटेश्वर, काठमाडौं ।
श्री सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.,, तिनकुने, काठमाण्डौं ।
श्री नेपाल अरनिको हाइड्रोपावर कं. लि., बालुवाटार, काठमाण्डौं ।
श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि., भोटेकोशी गाउँपालिका, चाकु, सिन्धुपाल्चोक ।

फोन नं.: ४७२१६४१/४७२१६४२
फ्याक्स: ४७२१६४३
ई मेल: admin@mbjcl.com.np
पो.ब.नं. २३५९९, काठमाण्डौ ।
Web Site: www.mbjcl.com.np

# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको

## विक्रम सम्बत् २०८२ साल पौष २७ गते (तदनुसार 11th January 2026) आइतबारका दिन कुण्डलिनी दरबार बैंक्वेट, चण्डोल, काठमाडौंमा सम्पन्न भएको १३औं तथा १४औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका:

१. पृष्ठभूमि:

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको १३औं तथा १४औं वार्षिक साधारण सभा मिति २०८२।०९।२७ गते तदनुसार 11th January 2026 आइतबारका दिन कुण्डलिनी दरबार बैंक्वेट, चण्डोल, काठमाडौंमा सम्पन्न भयो। कम्पनीका सचिव श्री कमल प्रसाद पण्डितले सभाको उद्घोषण गर्दै सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु तथा कम्पनीका पदाधिकारीहरुलाई आशन ग्रहण गर्न अनुरोध गर्नुका साथै सबैलाई कम्पनीको १३औं तथा १४औं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो। साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले गर्नु भएको थियो। साधारण सभामा अध्यक्षले आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। तत्पश्चात साधारण सभामा निर्धारित विषयहरुउपर छलफल तथा निर्णय भएको थियो। साधारण सभा बिहान ११:०० बजे शुरु भई निर्धारित विषयसूची अनुसारका विषयहरुमा छलफल तथा निर्णय गरी दिउँसो १:०० बजे सम्पन्न भएको थियो।

<u>साधारण सभाको सूचना तथा प्रकाशन:</u>

(क) १३औं तथा १४औं वार्षिक साधारण सभाको सूचना, लेखापरीक्षण प्रतिवेदनसहित आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ साल आषाढ मसान्तको वित्तीय विवरणहरू (वासलात, आयविवरण तथा नगद–प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू) संलग्न गरिएको वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट www.mbjcl.com.np मा राखी सबै शेयरधनीहरुलाई उपलब्ध गराइएको थियो।

(ख) १३औं तथा १४औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक मिति २०८२।०९।०३ गतेको आर्थिक राष्ट्रिय दैनिकमा र दोस्रो पटक मिति २०८२।०९।०४ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो।

२. उपस्थिति:

<u>(क) संस्थागत शेयरधनीहरुको उपस्थिति:</u>

| क्र.सं. | शेयरवालाको विवरण | | प्रतिनिधिको नाम |
|---|---|---|---|
| १. | श्री चिलिमे जलविद्युत कम्पनी लि. | - | श्री श्रीराज बज्राचार्य |
| २. | श्री नेपाल विद्युत प्राधिकरण | - | श्री टेकनाथ तिवारी |
| ३. | श्री नेपाल अरनिको हाइड्रोपावर कं.लि. | - | श्री केदार खत्री क्षत्री |
| ४. | श्री सिन्धुपाल्चोक हाइड्रोपावर कं.लि. | - | श्री महेन्द्र प्रसाद घोरासैनी |
| ५. | श्री सिन्धु इन्भेष्टमेन्ट कं. प्रा. लि. | - | श्री दिनेश पौड्याल |
| ६. | श्री सिन्धु भोटेकोशी हाइड्रोपावर लि. | - | श्री कुमार श्रेष्ठ |

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**(ख) अन्य शेयरधनीहरुको उपस्थिति:**

संस्थागत बाहेकका साधारण शेयरका तर्फबाट स्वयं मार्फत ३०९ जना र प्रतिनिधि मार्फत ३९ जना गरी कुल ३४८ शेयरधनीहरुको उपस्थिति भएको थियो।

**(ग) सञ्चालकहरुको उपस्थिति:**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद विवरण |
|---|---|---|
| १. | श्री सुभाष कुमार मिश्र | अध्यक्ष |
| २. | श्री तुलसी राम ढकाल | सञ्चालक |
| ३. | श्री बाबुराजा महर्जन | सञ्चालक |
| ४. | श्री नारायण प्रसाद आचार्य | सञ्चालक |
| ५. | श्री गोविन्द प्रसाद पराजुली | सञ्चालक |
| ६. | श्री राम कुमार थेबे | सञ्चालक |
| ७. | श्री भूमिनन्द अर्याल | सञ्चालक |
| ८. | श्री रमा खड्का | सञ्चालक |

**(घ) श्री कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिहरुको उपस्थिति:**

| क्र.सं. | प्रतिनिधिको नाम |
|---|---|
| १. | सहायक रजिष्ट्रार श्री गायत्रा श्रेष्ठ |
| २. | सहायक रजिष्ट्रार श्री चक्र बहादुर घर्ति |

**(ङ) अन्य संघ-संस्थाहरुको प्रतिनिधिहरुको उपस्थिति:**

| क्र.सं. | प्रतिनिधिको नाम | प्रतिनिधित्व गर्ने संस्था |
|---|---|---|
| १. | सिए श्री सुजित वाग्ले | S.A.N.S. Associates, Chartered Accountants, महाराजगंज, काठमाडौं। (आ.व.२०८१।८२ को बाह्य लेखापरीक्षक) |
| २. | सिए श्री आयुष चौधरी | S.A.N.S. Associates, Chartered Accountants, महाराजगंज, काठमाडौं। |
| ३. | सिए श्री महेश गुरागाई | MGS & Associates, Chartered Accountants, अनामनगर, काठमाडौं। (आ.व.२०८१।८२ को आन्तरिक लेखापरीक्षक) |
| ४. | श्री पुनम शर्मा | MGS & Associates, Chartered Accountants, अनामनगर, काठमाडौं। |
| ५. | श्री पुजा पराजुली | MGS & Associates, Chartered Accountants, अनामनगर, काठमाडौं। |
| ६. | श्री नलिना श्रेष्ठ | ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं। (शेयर रजिष्ट्रार) |
| ७. | श्री सुवास रेग्मी | ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं। |
| ८. | श्री अनु थापा | ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं। |
| ९. | श्री अस्मिता लामा | ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं। |
| १०. | श्री गोविन्द भक्त श्रेष्ठ | नेपाल दुरसञ्चार कम्पनी लि.। |
| ११. | श्री नारायण सुनुवार | नेपाल विधुत प्राधिकरण। |
| १२. | श्री हिरालाल तामाङ | सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि.। |
| १३. | श्री दिनेश कार्की | सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि.। |

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

(च) **पदाधिकारी एवं अधिकृतहरुको उपस्थिति:**

| क्र.सं. | कर्मचारीहरुको नाम | पद विवरण |
|---|---|---|
| १. | श्री राम गोपाल शिवाकोटी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री विजयलाल श्रेष्ठ | प्राविधिक प्रबन्धक |
| ३. | श्री राम प्रसाद सिलवाल | योजना तथा करार प्रशासन महाशाखा प्रमुख |
| ४. | श्री सन्दीप जोशी | नि. आयोजना प्रमुख |
| ५. | श्री टिकादत्त ढकाल | प्रमुख वित्त अधिकृत |
| ६. | श्री कमल प्रसाद पण्डित | कम्पनी सचिव |
| ७. | श्री सुशील ढुंगाना | सि. सिभिल इन्जिनियर |
| ८. | श्री विष्णु नविन दीप बि.सि. | सि. सिभिल इन्जिनियर |
| ९. | श्री अरुण प्रसाद न्यौपाने | वित्त अधिकृत |
| १०. | श्री सन्तोष हुमागाई | इलेक्ट्रीकल इन्जिनियर |
| ११. | श्री विमल खकुरेल | आइ.टि. इन्जिनियर |

**३. सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु:**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका थिए:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति सम्बन्धमा।

(२) लेखापरीक्षण प्रतिवेदनसहित आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ साल आषाढ मसान्तको वित्तीय विवरणहरू (वासलात, आय व्यय विवरण तथा नगद–प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

(३) कम्पनीको सञ्चालक समितिको मिति २०८२।०५।३० मा बसेको ३७७औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयको मिति २०८२।०६।२७ को स्वीकृति अनुसार लेखापरीक्षक श्री सुजित वाग्ले, S.A.N.S. Associates, Chartered Accountants, महाराजगंज, काठमाडौंलाई लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व.२०८१।०८२ को लागि मूल्य अभिवृद्धि करबाहेक रु.१,७८,०००।– (एक लाख अठहत्तर हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षक नियुक्त गरिएकोले सोको अनुमोदनका साथै आ.व.२०८२।०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

(४) **विशेष प्रस्ताव:**

(क) विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता दिइएको रकम अनुमोदन गर्ने सम्बन्धमा।

(५) विविध।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.

## ४. सभाको बैधानिकता:

साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसारको गणपूरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभाबाट गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवतरुपमा सभा सञ्चालन गर्ने निर्णय भयो। वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले गर्नुहुने कुरा पनि सभामा जानकारी गराइयो। त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो।

**शेयरधनी महानुभावहरुको उपस्थिति तथा गणपूरक संख्याको विवरण :**

| विवरण | बाँडफाँड भएको जम्मा शेयर संख्या | उपस्थित शेयर संख्या | | उपस्थित शेयर संख्या | | जम्मा शेयरधनी संख्या | जम्मा शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | (स्वयं तथा प्रतिनिधि मार्फत) | (स्वयं तथा प्रतिनिधि मार्फत) |
| संस्थापक शेयरधनी समूह | ३,०६,००,००० | ६ | - | ३,०२,८२,४१५ | - | ६ | ३,०२,८२,४१५ |
| सर्वसाधारण शेयरधनी समूह | २,९४,००,००० | ३०९ | ३९ | ३,५०,६१९ | ४,५१,२६७ | ३४८ | ८,०१,८८६ |
| कुल | ६,००,००,००० | ३१५ | ३९ | ३,०६,३३,०३४ | ४,५१,२६७ | ३५४ | ३,१०,८४,३०१ |
| | | | | | | कुल प्रतिशत (%) | ५१.८१% |

यस कम्पनीका जम्मा ६(छ) संस्थागत शेयरधनीहरु रहेकोमा संस्थागत शेयरधनीहरुले मनोनयन गरेका ६ जना संस्थागत प्रतिनिधिहरु र अन्य शेयरधनीहरुबाट स्वयं मार्फत ३०९ जना र प्रतिनिधि मार्फत ३९ जना गरी जम्मा ३४८ शेयरधनीहरु सहित कुल ३५४ जना शेयरधनिहरुको उपस्थिति भएको थियो।

## ५. सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल:

विषय सूची बमोजिम साधारण सभाको कार्यक्रम सञ्चालन भएपछि सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०८०।०८१ र आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि सो प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराइएको लेखापरीक्षण प्रतिवेदनउपर आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएकोमा निम्न शेयरधनीहरुले निम्नानुसारको राय, प्रतिक्रिया तथा सुझाव राख्नु भएको थियो।

१. **श्री उत्तमदत्त पाण्डे:** कम्पनीको प्रगतिको कामना गर्दै आगामी वर्षहरूमा शेयरधनीहरूलाई उचित प्रतिफल दिन सक्ने गरी कार्यसम्पादन गर्न सुझाव दिनुभयो।

२. **श्री चन्द्रनारायण श्रेष्ठ:** आयोजना निर्माणका विभिन्न चुनौती पार गरी विद्युत् उत्पादन सुरु भएकोमा खुसी व्यक्त गर्दै, भविष्यमा सहायक कम्पनीहरू मार्फत नयाँ आयोजना निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कम्पनीको पहिचान बनाउन र आगामी वर्षदेखि लाभांश वितरण गर्न अनुरोध गर्नुभयो।



MBK JCL ESTD. 2010 मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

३. **श्री शत्रुधन श्रेष्ठ:** प्राकृतिक प्रकोपका बावजुद आयोजना सम्पन्न भएकोमा बधाई ज्ञापन गर्दै, आगामी वर्षमा बोनस शेयर वितरण गर्न र ऋण भुक्तानीका लागि आवश्यक परे हकप्रद शेयरको विकल्पमा समेत विचार गर्न सुझाव दिनुभयो।

४. **श्री अमिर दास रञ्जित:** धेरै कम्पनीहरूको साधारण सभा एकै समयमा हुने हुँदा समय व्यवस्थापनमा सहजताका लागि आगामी दिनमा समयमै सभा गर्न आग्रह गर्नुभयो। साथै, बजारमा ब्याजदर घटिरहेको सन्दर्भमा कम्पनीले लिएको ऋणको ब्याजदर समायोजनका लागि भएका पहलहरूबारे जिज्ञासा राख्दै आगामी आ.व. देखि शेयरधनीहरुलाई लाभांश वितरणमा जोड दिनुभयो।

५. **श्री रोज कुमार श्रेष्ठ:** बाहबिसे सब-स्टेसनको निर्माणमा भएको ढिलाइले सिर्जित समस्याको स्थायी समाधान खोज्न र आयोजनाको ऋण भुक्तानीको समयतालिका स्पष्ट पार्न आग्रह गर्नुभयो। साथै, सञ्चालक समितिको संख्यामा परिमार्जन गरी खर्च कटौती गर्न सुझाव दिनुभयो।

६. **श्री भक्ति प्रसाद उप्रेती:** प्रवर्द्धक कम्पनीका रूपमा चिलिमेको भूमिका र सञ्चालक प्रतिनिधित्वबारे चर्चा गर्दै नगद लाभांश वितरणलाई प्राथमिकता दिन सुझाव दिनुभयो। साथै, साधारण सभा समयमै गर्न र कम्पनीको सम्पूर्ण सम्पत्तिको पर्याप्त बिमा सुनिश्चित गर्न ध्यानाकर्षण गराउनुभयो।

७. **श्री लक्ष्मण बहादुर श्रेष्ठ:** आगामी आर्थिक वर्ष प्रथमको त्रैमासिक भित्रै साधारण सभा गर्न आग्रह गर्दै आ.व २०८१।८२ मा शेयरधनीलाई प्रतिफल दिन नसके पनि आगामी वर्षमा लाभांश दिनेमा आशावादी रहेको व्यहोरा प्रस्तुत गर्नुहुँदै जेनजी आन्दोलनले आयोजनामा पारेको प्रभावबारे जिज्ञासा राख्नुभयो। साथै, कम्पनीको खर्चमा मितव्ययिता अपनाउन सल्लाह दिनुहुँदै यस वर्ष साधारण सभा गर्नु भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनुभयो।

८. **श्री इन्द्र प्रसाद लामिछाने:** संस्थागत सुशासन सुदृढ गर्न र नियमनकारी निकायको निर्देशन बमोजिम समयमै साधारण सभा सम्पन्न गर्न जोड दिनुभयो। साथै, तत्कालै लाभांशको अपेक्षा गर्नु उचित नरहेको भन्ने भनाई राखेर कम्पनीको उत्तरोत्तर प्रगतिको कामना सहित आफ्नो मन्तव्य टुंग्याउनु भयो।

९. **श्री हिरालाल तामाङ:** निर्माण अवधि लम्बिँदा लागत बढेकोले मुनाफा सुनिश्चित गर्न नयाँ र उत्पादनमूलक आयोजनाहरूमा ध्यान दिन सुझाव दिनुभयो।

१०. **श्री युगल नारायण बसेल:** लागत वृद्धिका कारण लाभांशमा पर्न सक्ने असरबारे चर्चा गर्दै सञ्चालकहरूको सुविधा तथा अन्य प्रशासनिक खर्च घटाउन र प्रतिवेदनलाई अझ बढी जानकारीमूलक एवं सूचनामूलक बनाउन सुझाव दिनुभयो।

११. **श्री भेष राज भण्डारी:** नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा विद्युत् खेर जाने अवस्था रोक्न, समयमै लेखापरीक्षण सम्पन्न गर्न र आगामी वर्षदेखि लाभांश प्रस्ताव ल्याउन लिखित सुझाव प्रस्तुत गर्नुभयो।



MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

१२.**श्री जगन्नाथ आचार्य:** सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गतको खर्चको प्रभावकारी अनुगमन गर्न, नियमित साधारण सभा आयोजना गरेर संस्थागत सुशासन कायम राख्न र लगानीकर्ता आकर्षित गर्ने गरी प्रतिफलको व्यवस्था गर्न लिखित सुझाव दिनुभयो।

**६. सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रको जवाफ:**

साधारण सभामा शेयर धनीले आ- आफ्ना मन्तव्य राख्ने काम समाप्त भएपछि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्र ज्यूलाई शेयरधनीका जिज्ञासाहरूलाई स्पष्ट गरि दिन आग्रह गर्नु भयो।

**अध्यक्ष श्री सुभाष कुमार मिश्र:**

शेयरधनीहरूबाट प्राप्त जिज्ञासा, राय र सुझावहरू पश्चात् सञ्चालक समितिका अध्यक्ष श्री सुभाष कुमार मिश्रले शेयरधनीहरूको अमूल्य पृष्ठपोषणका लागि आभार व्यक्त गर्दै देहाय बमोजिम स्पष्ट पार्नुभयो:

लेखापरीक्षक नियुक्ति गर्दा यथा समयमा लेखापरीक्षण प्रतिवेदन प्राप्त हुने गरी व्यवस्थापनले कार्य गर्ने, आयोजना निर्माणको अन्तिम चरणमा आइपर्ने जटिल प्राविधिक कार्यहरू र विद्युत् उत्पादनलाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्ने कार्यलाई प्राथमिकता दिइएको कारण विगतमा साधारण सभा समयमै गर्न नसकिएकोमा आगामी दिनमा निर्धारित समयभित्रै सभा सम्पन्न गर्ने, आयोजना सञ्चालनको प्रारम्भिक चरणमा रहेकाले लाभांशको विषयमा धेरै निरास हुनु नपर्ने र आगामी वर्षहरूमा शेयरधनीहरुलाई प्रतिफल दिने लक्ष्य कम्पनीको रहेको, कर्मचारी सञ्चय कोषसँगको निरन्तर समन्वयका कारण ब्याजदर एकल अंकमा आइसकेको र थप लागत न्यूनीकरणका लागि विभिन्न बैंकहरूसँग लोन स्वापका विषयमा समेत छलफल भइरहेको, हाल वैकल्पिक व्यवस्था मार्फत पूर्ण क्षमतामै विद्युत् प्रवाह भइरहेको र आगामी केही महिनामा २२० के.भी. बाहबिसे सब-स्टेसन तयार भएपछि स्थायी रूपमा विद्युत् निकासी सुचारु गर्न सकिने, कम्पनीको सम्पूर्ण चल-अचल सम्पत्ति र आम्दानीको हानी (Loss of Revenue) समेत समेट्ने गरी वृहत्तर बीमा (Comprehensive Insurance) गरिसकिएको, खर्चमा मितव्ययिता अपनाउन कम्पनी सचेत रहेको र चिलिमेबाट प्रतिनिधित्व लगायतका कानुनी विषयमा उचित समन्वय गरी समाधान निकालिने व्यहोरा सभालाई जानकारी गराउनु भयो।

अन्तमा, आयोजना निर्माणको कठिन घडीमा धैर्यता र रचनात्मक सहयोग प्रदान गर्ने सम्पूर्ण शेयरधनीहरू, प्रवर्द्धक संस्थाहरू र सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दै अध्यक्षले आफ्नो भनाई टुङ्ग्याउनुभयो।

**७. प्रस्ताव तथा निर्णयहरू:**

विषयसूची अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरुमा सभाले निम्न बमोजिम निर्णय गर्यो:

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो।

(२) लेखापरीक्षण प्रतिवेदनसहित आ.व.२०८०।०८१ र आ.व.२०८१।०८२ साल आषाढ मसान्तको वित्तीय विवरणहरू (वासलात, आयविवरण तथा नगद-प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू) साधारण सभाको विषयसूचीसँगै शेयरधनीलाई उपलब्ध गराइएको र उक्त विवरणहरुउपर छलफलसमेत भइसकेकोले पारित गरिदिनका लागि सभा समक्ष प्रस्तुत गरिएकोमा उक्त आर्थिक विवरणहरु प्रस्तुत गरिए बमोजिम नै सर्वसम्मतिबाट पारित भयो।



MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

(३) आ.व.२०८०।०८१ का लागि कम्पनीको सञ्चालक समितिको मिति २०८२।०५।३० मा बसेको ३७७औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा उक्त कार्यालयको मिति २०८२।०६।२७ को स्वीकृति अनुसार लेखापरीक्षक श्री सुजित वाग्ले (S.A.N.S. Associates, Chartered Accountants, महाराजगंज, काठमाडौंसँग सम्बद्ध) लाई लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व.२०८१।०८२ को लागि मूल्य अभिवृद्धि करबाहेक रु.१,७८,०००।– (एक लाख अठहत्तर हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी गरिएको लेखापरीक्षक नियुक्ति अनुमोदन गर्ने निर्णय भयो।

साथै, आ.व.२०८२।०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम सञ्चालक समितिको २०८२।०९।२७ को ३८७औं बैठकको निर्णय अनुसार साधारण सभामा प्रस्ताव पेश हुँदा चार्टर्ड एकाउन्टेन्ट श्री सुजित वाग्ले (S.A.N.S. Associates, Chartered Accountants, महाराजगंज, काठमाडौंसँग सम्बद्ध) लाई आर्थिक वर्ष २०८२।०८३ को लागि निजको साविकको गत वर्षको पारिश्रमिक रू. १,७८,०००/- मा १०% वृद्धि गरी कुल मूल्य अभिवृद्धि कर बाहेक रू. १,९५,८००/- भुक्तानी दिने गरी लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभामा सर्वसम्मतिबाट पारित भयो।

(४) **विशेष प्रस्ताव:**
कम्पनीले विभिन्न संघ संस्थाहरुलाई आ.व. २०८०।०८१ मा कुल रु.१,४०,०००।– (एक लाख चालिस हजार) आर्थिक सहायता उपलब्ध गराएको एवं आ.व. २०८१।०८२ मा कुल रु.१५५,०००।– (एक लाख पचपन्न हजार) आर्थिक सहायता उपलब्ध गराएकोले कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) अनुसार उक्त आर्थिक सहायता वापत उपलब्ध गराइएको रकम अनुमोदनका लागि सम्मानित सभामा निर्णयार्थ प्रस्ताव पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

(५) **विविध:** विविधमा कुनै प्रस्ताव नआएको।

## ८. प्रस्तावहरु पारित भएको घोषणा, धन्यवाद ज्ञापन तथा साधारण सभा समापन भएको उद्घोषण:

कम्पनीको १३औं तथा १४औं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुँदै अध्यक्षले उक्त प्रस्तावहरु पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो।

शेयरधनी महानुभावहरुले महत्वपूर्ण सुझाव र सल्लाह दिई कम्पनीलाई मार्गदर्शन गरिदिनु भएकोमा अध्यक्षले धन्यवाद दिनुभयो। शेयरधनीको सल्लाह र सुझाव अनुसार कम्पनीले आफ्नो कार्य सम्पादनमा क्रमश: सुधार गर्दै लैजाने विश्वास दिलाउनुका साथै सभामा उपस्थित भई सभा सफलता पूर्वक सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा पुन: सबैलाई धन्यवाद ज्ञापन गर्दै सभा समापन भएको घोषणा गर्नुभयो।

उक्त सभाको औपचारिक कार्यक्रम अपरान्ह १:०० बजे सम्पन्न भएको थियो।

माथि उल्लिखित विवरणहरु १३औं तथा १४औं वार्षिक साधारण सभाको काम कारबाहीको यथार्थ अभिलेख हो।

| | | |
|---|---|---|
| ............................ | MBK JCL ESTD. 2010 | ............................ |
| (कमल प्रसाद पण्डित) | मिति: २०८२।०९।२७ | (सुभाष कुमार मिश्र) |
| कम्पनी सचिव | मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड | अध्यक्ष |